व्यास नगरकार्यपालिकाको २१९ औं बैठक आज मिति २०८२/३/२२ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. २ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ४ | - श्री मनबहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ५ | - श्री बिष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ७ | - श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ८ | - श्री युवराज गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ११ | - श्री दलबहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १३ | - श्री बसन्त आले | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं. १४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | अनुपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्ना दुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सदस्य-सचिव | - श्री काशीराम गैरे | उपस्थित |
| प्रशासकीय अधिकृत | - श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: मिति २०८२/३/८ गते व्यास नगर कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: २०८२/३/२४ गते हुने नगर सभामा प्रस्ताव पेश गर्ने समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं.३: व्यास नगर शिक्षा सुधार योजनाको प्रतिवेदन सम्बन्धमा ।
प्रस्ताव नं.४: मध्यकालिन खर्च संरचना २०८२ सम्बन्धमा ,
प्रस्ताव नं.५: व्यास जयन्ती २०८२ मनाउने सम्बन्धमा ।
प्रस्ताव नं.६: तेस्रो सार्वजनिक सुनुवाई सम्बन्धमा ।
प्रस्ताव नं.७: SEE परीक्षामा उत्तिर्ण विद्यार्थीलाई बधाई ज्ञापन सम्बन्धमा ।
प्रस्ताव नं.८: स्वास्थ्य शाखाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन सम्बन्धमा ।
प्रस्ताव नं.९: प्रशासनिक संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अध्यावधिक गर्ने सम्बन्धमा ।
प्रस्ताव .१०: २०८२ असार २० सम्मको आन्तरिक आय सम्बन्धमा ।
प्रस्ताव नं.११: आ.व.२०८१/०८२ मा नगरपालिकाबाट गरिएका योजना सम्बन्धमा ।
प्रस्ताव नं.१२: शिक्षक व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.१३: खड्ककाली मार्गको ठेक्का रद्द गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१४: सहकारी मार्फत बिकी हुने दुध किसानलाई भुक्तानी गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१५: आर्थिक विधेयक, २०८२ मा थप तथा संशोधन प्रस्ताव सम्बन्धमा ।
प्रस्ताव नं.१६: कार्यक्रम सञ्चालन अनुमति सम्बन्धमा ।
प्रस्ताव नं.१७: स्लेट ढुङ्गा कटिङ्ग उद्योग दर्ता अनुमति सम्बन्धमा ।
प्रस्ताव नं.१८ योजनाको शीर्षक परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं.१९: विभिन्न योजनाहरुको म्याद थप सम्बन्धमा ।
प्रस्ताव नं.२० अत्यावश्यक र विपद्जन्य काम सम्बन्धमा ।
प्रस्ताव नं.२१: आ.व.०८१/८२ को नयाँ तरकारी पकेट विकास कार्यक्रमको भुक्तानी सम्बन्धमा ।
प्रस्ताव नं.२२: विभिन्न योजनाको भुक्तानीका लागि रकमान्तर सम्बन्धमा ।

**निर्णयहरु:**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०८२/३/८ गते व्यास नगर कार्यपालिकाबाट भएका निर्णयहरुको समीक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा मिति २०८२/३/२४ गते हुने नगर सभामा विभिन्न प्रस्ताव तय गरी प्रस्तुत गर्न नगर प्रवक्ता एवं वडा नं.९ का अध्यक्ष श्री सुरेश थापाको अध्यक्षतामा ५ सदस्य समिति गठन गर्ने निर्णय गरियो । अन्य सदस्यहरुमा वडा नम्बर ६ का अध्यक्ष श्री जीवन गुरुङ्ग, वडा नम्बर ५ का अध्यक्ष श्री बिष्णुकुमार श्रेष्ठ, कार्यपालिका सदस्य श्री किस्ना दुरा गुरुङ्ग र श्री रनसिं नेपाली रहनु भएको छ ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा शिक्षा तथा सामाजिक विकास शाखाका प्रमुख श्री केदारराज आचार्यबाट प्रस्तुत व्यास नगर शिक्षा सुधार योजनालाई सुझाव सहित पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको मध्यकालिन खर्च संरचना २०८२ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास जयन्ती एवं गुरु पूर्णिमा भएकाले सम्बन्धित संघ संस्थासँग सहकार्य गरी व्यास नगरपालिकाको प्राङ्गणमा रहेको व्यासको मुर्तीमा बिहान ७:०० बजे पुजन गर्ने गरी उपस्थितिका लागि सम्बन्धित सबैका लागि अनुरोध गर्ने निर्णय गरियो । साथै व्यास जयन्तीका दिन अत्यावश्यक सेवा बाहेक व्यास नगरपालिका अन्तर्गतका कार्यालयहरुमा स्थानीय बिदा दिने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको यस आर्थिक वर्षको तेस्रो सार्वजनिक सुनुवाई मिति २०८२/३/२७ गते शुक्रबार ११:३० बजे बिहान व्यास १४ स्थित छाब्दी बाराही विकास कोषको भवनमा गर्ने निर्णय गरियो । उक्त कार्यमा पत्रकार महासंघ तनहुँ शाखा मार्फत गराउने र सम्बन्धित वडा नं.१, १२, १३ र १४ सँग समन्वय गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालयबाट यस वर्षको SEE परीक्षामा उत्तीर्ण सम्पूर्ण विद्यार्थीलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल भविष्यको कामना गरी सम्पूर्ण माध्यमिक विद्यालयलाई गतवर्षको तुलनामा प्रगती गरेको पाइएकोले धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो । साथै यस वर्षको नतिजाको समग्र तनहुँ जिल्लामा ६४.४%, राष्ट्रिय ६१.६७% रहेको र यस नगरपालिकाको ७५.७७% प्रगती भएको बैठकमा जानकारी प्राप्त गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको स्वास्थ्य शाखालाई व्यवस्थित गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण प्राप्त प्रतिवेदनलाई संशोधन सहित आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको प्रशासनिक संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनलाई अध्यावधिक गर्न नगर सभामा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को असार २० गतेसम्म आन्तरिक आयमा रू.१८,००,००,०००। (अठार करोड) प्रस्ताव गरिएकोमा रू.१४,९५,००,०००। (चौध करोड पन्चानब्बे लाख प्राप्त) भएको बैठकमा जानकारी प्राप्त भयो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा आर्थिक वर्ष २०८१/०८२ मा व्यास नगरपालिका अन्तर्गतका कुल १०४३ योजनामा ८५३ (८१.७८%) सम्पन्न, सम्झौता भएको १८२ (१७.४५%) र सम्झौता हुन बाँकी ८ (१.२८%) बाँकी रहेको बैठकमा जानकारी गरी योजनाहरुको समीक्षा गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास ८ स्थित नयाँज्योति प्रा.वि. मा कार्यरत स्थायी शिक्षक श्री सुस्मिता पण्डितलाई सम्बन्धित विद्यालयहरुसँग समन्वय गरी व्यास ६ स्थित अमृत आधारभूत विद्यालयमा रहेको प्रा.वि. रिक्त दरबन्दीमा कामकाजका लागि खटाउने र नयाँज्योति प्रा.वि. मा रहको प्रा.वि. दरबन्दी रिक्त गरी नियमानुसार सरुवा विज्ञापन गर्न अनुमति दिने व्यवस्था मिलाउन शिक्षा तथा सामाजिक विकास शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा संघीय सरकारको समपूरक अनुदान अन्तर्गत व्यास नगरपालिका वडा नं.११ खड्ककाली मार्गे निर्माणको लागि व्यास नगरपालिका र श्री डाइमेन्सनल कन्स्ट्रक्सन का.म.पा. ३२ काठमाण्डौं बीच २०८०/३/१७ गते ठेक्का सम्झौता भएकोमा निर्माण व्यवसायीबाट कार्यालयले पटक-पटक चेतावनी पत्र पठाउँदा समेत २ आर्थिक वर्षसम्म निर्माण कार्य सम्पन्न नगरेको हुँदा उक्त ठेक्का प्रकृया रद्द गरी निर्माण व्यवसायीलाई प्रचलित कानुन बमोजिम कारबाही प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा पशुपन्छी विकास उपशाखा तर्फको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत सहकारी मार्फत बिक्री हुने दुध र खसी/बोका मासुमा किसानलाई अनुदान कार्यक्रममा छनौट भएका सहकारी संस्थाहरूको दोस्रो अर्धवार्षिकको (माघदेखि असार १२ सम्म) सहकारीबाट प्रमाणित दुध र खसी/बोका सङ्कलन/बिक्री वितरण विवरण, वडाको सिफारिस एवं अन्य आवश्यक कागजात संलग्न गरी भुक्तानी मागको निवेदन प्राप्त भएको हुँदा प्रतिलिटर दुधमा रू.२। को दरले तथा खसी/बोका प्रति के.जी. जीवित तौलको रू.२०। को दरले तपसिल अनुसारको अनुदान रकम भुक्तानी दिने निर्णय गरियो ।

**सहकारी मार्फत बिक्री हुने दुधमा किसानलाई अनुदान प्रति लि. रू. २/- को दरले (खर्च शिर्षक ११२)**

| क.सं | सहकारी संस्थाको नाम, ठेगाना | दुध सङ्कलन/बिक्री परिमाण (लि.) | अनुदान रकम (प्रति लि. रू.२।) |
|---|---|---|---|
| १ | दुम्सी दुग्ध उत्पादक सहकारी संस्था, व्यास १० | ५,४५,३५० | १०,९०,७०० |
| २ | बेलबास दुग्ध उत्पादक सहकारी संस्था, व्यास १३ | २,५३,५२२.३८ | ५,०७,०४४.७६ |
| ३ | सेवर दुग्ध उत्पादक सहकारी संस्था, व्यास १० | ७२,०४३.०७ | १,४४,०८६.१४ |
| ४ | चिन्तुटार दुग्ध उत्पादक सहकारी संस्था, व्यास ५ | ९५,३०६.२ | १,९०,६१२.४ |
| ५ | चारकुने दुग्ध उत्पादक सहकारी संस्था, व्यास १ | ५६,४१९.८ | १,१२,८३९.६ |
| | **जम्मा** | **१०,२२,६४१.४५** | **२०,४५,२८२.९** |

**सहकारी मार्फत बिक्री हुने खसी/बोका मासुमा किसानलाई अनुदान प्रति के.जी. रू.२०। को दरले (खर्च शीर्षक ११३)**

| क.सं | सहकारी संस्थाको नाम, ठेगाना | बिक्री खसी/बोका जिवित तौल (के.जी.) | अनुदान रकम प्रति के.जी. रू.२०। |
|---|---|---|---|
| १ | सुभदिप सामाजिक उद्यमी महिला सहकारी संस्था, व्यास ८ | ६,७८७.६ | १,३५,७५२ |
| २ | आधारशिला सामाजिक उद्यमी महिला सहकारी संस्था, व्यास १२ | ४६५०, | ९३,००० |
| | | ११,४३७६० | २,२८,७५२ |

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा आ.व.२०८२/०८३ का कर तथा गैह्र कर सम्बन्धी संशोधित दरहरु राजश्व परामर्श समितिबाट बैठकमा पेश हुँदा आर्थिक विधेयक, २०८२ मा समावेश गरी ४३ औं नगर सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**१. अनुसूची ४ को व्यवसाय करको वर्गीकरण दरमा सि.नं. १३१ पछि १३२ थप**

| क.सं. | विवरण | प्रस्ताव गरिएको दर |
|---|---|---|
| १३२ | इन्जिनियरिङ कन्सल्टेन्सी फर्म | ५,०००। |

**२. अनुसूची ४ को व्यवसाय करको वर्गीकरणमा माथि वर्गीकरणमा नपरेको हकमा व्यवसाय कर (वाणिज्यमा) संशोधन**

| क.स. | भएको | दर | क.स. | हुनुपर्ने | प्रस्तावित दर |
|---|---|---|---|---|---|
| क. | पूँजी रु.१ देखि रु.१० | ७००। | क. | पूँजी रु.१ देखि रु.५० | ७००। |
| ख. | पूँजी रु.१० हजारदेखि रु.१ | १,०००। | ख. | पूँजी रु.५० हजारदेखि रु.१ | १,०००। |
| ग. | पूँजी रु.१ लाखदेखि रु.५ | ३,०००। | ग. | पूँजी रु.१ लाख देखी रु.३ | १५००। |
| घ. | पूँजी रु.५ लाखदेखि रु.२५ | ५,०००। | घ. | पूँजी रु.३ लाख देखि रु.५ | २०००। |
| ङ. | पूँजी रु.२५ लाखदेखि रु.१ | १०,०००। | ङ. | पूँजी रु.५ लाखदेखि रु.१० | ३,०००। |
| च. | पूँजी रु.१ करोडभन्दा माथि | प्रति लाख रु.५० थप | च. | पूँजी रु.१० लाखदेखि रु.२५ लाखसम्म | ५,०००। |
| | | | छ | पूँजी रु.२५ लाखदेखि रु.१ | १०,०००। |
| | | | ज | पूँजी रु.१ करोडभन्दा माथि | प्रति लाख रु.५० |

**३. अनुसूची ६ को मनोरञ्जन करको दरमा सि.नं. ५ पछि सि.नं.६ थप**

| क.सं. | विवरण | प्रस्ताव गरिएको दर |
|---|---|---|
| ६. | सर्कस, मेला, महोत्सव, जादु, चटके ७ दिनसम्म सञ्चालन अनुमति दिंदा | ५,०००। |

| | | |
|---|---|---|
| ७. | सर्कस, मेला, महोत्सव, जादू, चटक ७ दिन भन्दा माथि सञ्चालन अनुमति दिंदा | १०,०००। |

**४. अनुसूची ९ को अण्डरग्राउण्ड पार्किङ (ख) मा संशोधन र ग को छाब्दी बसपार्कमा थप**

| विवरण | साविक दर प्रतिदिन रु. | प्रस्तावित दर (प्रति घण्टा, प्रति दिन रु.) |
|---|---|---|
| (ख) मोटरसाइकल | प्रति घण्टा १०, घण्टा ५। | प्रति घण्टा ५। प्रति दिन २०। |
| (ग) माइक्रो | | रु.८०। |

**(घ) डमौली सभाहल**

| सि.नं. | विवरण | मसिक रु. |
|---|---|---|
| घ) | डमौली सभाहल | |
| १. | कार जिप चार पांग्रे | २,०००। |
| २. | मोटरसाइकल/स्कुटर दुईपांग्रे | २००। |

**५. अनुसूची १२ को बिक्री दरहरु**

| सि. नं. | विवरण | इकाई | दर (रू.) कर बाहेक | प्रस्तावित दर |
|---|---|---|---|---|
| १. | ढुङ्गा, खरिढुङ्गा, गिटी, ग्राभेल, रोडा वालुवा (निजी जग्गाको समेत) | प्रति घन फिट | ९। | ७। |
| २. | स्लेट ढुङ्गा, चुन ढुङ्गा (निजी जग्गाको समेत) | प्रति घन फिट | ९। | ७। |
| ३. | माटो (निजी जग्गाको समेत) | प्रति घन फिट | ३।५० | ३।५० |
| ४. | नदी तथा खोलाले बगाएर ल्याएको काठ | प्रति क्यू.फिट | ३००। | ३००। |
| ५. | नदी तथा खोलाले बगाएर ल्याएको कुकाठ | प्रति क्यू.फिट | ५०। | ५०। |
| ६. | नदी तथा खोलाले बगाएर ल्याएको दाउरा जराजुरी | प्रति किलोग्राम | ४। | ३। |
| ७. | निजी जग्गाबाट ढुङ्गा, गिटी, वालुवा उत्खनन् गरी | प्रति घन फिट | ६। | - |
| ८. | विभिन्न परियोजना निर्माण गर्ने क्रममा निक्लिएका | प्रति घन फिट | ९। | ७। |
| ९. | स्लेट, ढुङ्गा स्थानीय | प्रति घ.मी. | १००। | १००। |

स्पष्टीकरणः दहत्तर, बहत्तर भन्नाले नदी, खोल्साखोल्सी, वन क्षेत्र वा सार्वजनिक वा निजी जग्गाबाट उत्खनन वा सङ्कलन गरिने बहुमूल्य पथ्थर, ऐतिहासिक र साँस्कृतिक महत्वका शालिग्राम, शीला र अति मूल्यवान वस्तु बाहेकका नदिले वगाई ल्याएको वा थिग्रीएको ढुङ्गा, गिटी, बालुवा, माटो, चट्टान, काठ, कुकाठ, दाउरा, जराजुरी,जस्ता नदीजन्य तथा खानीजन्य प्राकृतिक स्रोतलाई सम्झनुपर्छ ।

**६. अनुसूची १२ को प्राकृतिक श्रोत साधन दोहन तथा निषेधित क्षेत्र र समयमा जाँदा लाग्ने दण्ड जरिवाना (साविकको)**

| सि.नं. | विवरण | पहिलो पटक | दोस्रो पटक | तेस्रो पटक | सोभन्दा माथि |
|---|---|---|---|---|---|
| १. | ट्याक्टर, मिनी ट्रक | १२,०००। | १७,०००। | २२,०००। | ३०,०००। |
| २. | ट्रक, टिप्पर | २०,०००। | २५,०००। | ३०,०००। | ४०,०००। |
| ३. | जे.सि.भि. | २५,०००। | ३०,०००। | ३५,०००। | ५०,०००। |
| ४. | स्क्याभेटर | ३०,०००। | ४०,०००। | ५०,०००। | ६०,०००। |

**प्रस्ताव गरिएको जरिवाना**

| सि.नं. | विवरण | पहिलो पटक | दोस्रो पटक | तेस्रो पटक | सोभन्दा माथि |
|---|---|---|---|---|---|
| १. | ट्याक्टर, मिनी ट्रक | २०,०००। | २५,०००। | ३०,०००। | ३८,०००। |
| २. | ट्रक, टिप्पर | २८,०००। | ३३,०००। | ३८,०००। | ४८,०००। |
| ३. | जे.सि.भि. | ३३,०००। | ३८,०००। | ४३,०००। | ५८,०००। |
| ४. | स्क्याभेटर | ३८,०००। | ४८,०००। | ५८,०००। | ६८,०००। |

नोटः उल्लेखित जरिवाना रकममा दोहन भएको प्राकृतिक श्रोत साधानको नियमानुसार तिर्नुपर्ने रकम समेत थप हुनेछ ।

### ७. अनुसूची १३ (१) सिफारिस दस्तुरमा सि.नं.३० संशोधन, सि.नं.४२ र ४३ थप

| सि.नं. | विवरण | प्रस्तावित दस्तुर रू. |
|---|---|---|
| ३०. | प्रति पटक अमिन शुल्क (रुख कटानको हकमा उपस्थित हुँदा मात्र) | २,०००। |
| ४२. | खुल्लाचौर प्रयोग गर्ने अनुमति | ५००। |
| ४३. | अध्ययन अनुसन्धानका लागी (OJT) गर्न आउने प्रति विद्यार्थी शुल्क | ५००। |

### ८. अनुसूची १३ (२) अन्य सिफारिसमा सि.नं.३०-३३ थप

| सि.नं. | विवरण | प्रस्तावित दस्तुर |
|---|---|---|
| ३०. | सडक तथा फुटपाथमा अवरोध हुने गरी माल वस्तु राख्ने तथा अन्य कुनै कार्य गरेमा जरिवाना पहिलो पटक रु.१,०००/-, दोस्रो पटक रु.२,०००/- र सो भन्दा माथि रु.५,०००/- | |
| ३१. | छतबाट सिधै पानी सडकमा खसालेमा जरिवाना पहिलो पटक रु.५००/-, दोस्रो पटक रु.१,०००/- र सो भन्दा माथि रु.२,०००/- | |
| ३२. | सार्वनजिक स्थानमा कुकुरलाई दिसा गराएमा जरिवाना पहिलो पटक रु.५००/-, दोस्रो पटक रु.१,०००/- र सोभन्दा माथि रु.२,०००/- | |
| ३३. | घ वर्गको निर्माण व्यवसायी इजाजत पत्रको कम्पनीको नाम परिवर्तन शुल्क | १०,०००/- |

### ९. अनुसूची १३ (४) को सरसफाई शुल्क/मासिकमा सि.नं.९४ थप

| | | | | | |
|---|---|---|---|---|---|
| ९४. | सहकारी/इन्सुरेन्स | ५००/- | ३००/- | २००/- | थप |

### १०. अनुसूची १३ (७) ५ र ६ (ज) मा संशोधन

| क.सं. | भएको | हुनुपर्ने |
|---|---|---|
| १. | **भवनको तला थप गर्दा लाग्ने दस्तुर :** तला थप गर्दा लाग्ने दस्तुर नयाँ भवन निर्माण अनुमति दस्तुर सरह नै हुनेछ । तर विक्रम सम्वत् २०६८ सालभन्दा अगाडि निर्माण अनुमति लिई न्यूनत्तम एक तलासम्मको निर्माण सम्पन्न प्रमाण पत्र लिइसकेको भवनको हकमा प्रति वर्ग फिट रू.५/- लाग्नेछ । ७ को (५) नं. बुँदामा | **भवनको तला थप गर्दा लाग्ने दस्तुर :** तला थप गर्दा लाग्ने दस्तुर नयाँ भवन निर्माण अनुमति दस्तुर सरह नै हुनेछ । तर विक्रम सम्वत् २०६८ सालभन्दा अगाडि निर्माण अनुमति लिई सकेका भवनको हकमा तला थप गर्दा प्रति वर्ग फिट रु.५०। लाग्नेछ । |
| २. | नक्सा पासभन्दा बढी तला थप गरी घर बनाएमा प्रति स्क्वायर फिट रू.८०। जरिवाना गरिनेछ । ६ को (ज) नं.बुँदामा | विक्रम सम्वत् २०६८ सालभन्दा अगाडि निर्माण अनुमति लिई सकेका भवनको हकमा निर्माण अनुमति पाएको भन्दा बढी तला थप गरी भवन बनाई as built नक्सा पेश भएमा प्रति वर्गफिट रू.८०। दस्तुर लाग्नेछ । |
| ३. | **अनुसूची १३ (७) (७) पछि (८) थप** | नयाँ घर नक्सा पास तथा तला थप दस्तुर अघिल्लो आर्थिक वर्ष सरह क्षेत्रगत रुपमा नै हुनेछ । तथापि क्षेत्र क, ख, ग, का सम्पूर्ण क्षेत्रमा व्यवसायिक तथा औद्योगिक भवनका लागी प्रति वर्गफिट रू.१९। का दरले राजश्व लाग्नेछ । |

### ११. अनुसूची १३ (७) ९ सि.नं.३१ पछि ३२ थप (शैक्षिक संस्था सेवा शुल्क)

| सि.नं. | विवरण | दस्तुर रु. |
|---|---|---|
| १ | संस्थागत विद्यालय सञ्चालन भएको अवधिदेखि ०७२/०७३ सम्म वार्षिक र सो पश्चात् नगरपालिकाको आर्थिक ऐन बमोजिम | १,०००। |

**१२. अनुसूची १३ (७) १२** (ग) थप इजाजत नवीकरण दस्तुर रु.१,०००।

**१३. अनुसूची १३ को (१२) पछि (१३) थप : प्राविधिक उपकरण भाडा दर**

| **क.सं.** | **उपकरणको नाम** | **भाडादर (प्रति दिन)** |
|---|---|---|
| १. | लेवल मेशिन (Level Machine) | १,०००/- |
| २. | टोटल स्टेशन (Total Station) | २,५००/- |
| ३. | डि.जि.पि.एस. (DGPS) | १०,०००/- |

**१४. अनुसूची १३ को (१३) पछि (१३) थप : दमौली सभाहल भाडा दर :**

| सि.नं. | विवरण | भाडा दर (रु.) |
|---|---|---|
| १. | मुल हल (डमौली सभाकक्ष), सेवामूलक | १५,०००/- |
| | व्यवसायिक | २५,०००/- |
| | धरौटी | १५,००० /- |
| २. | व्यास कक्ष (सेवामूलक) | ३,०००/- |
| | व्यवसायिक | ५,०००/- |

**१५. अनुसूची १४ को वातावरण शुल्कका दरहरुको सि.नं. ८ मा थप**

| | | |
|---|---|---|
| १ | निगालो बाँस प्रति गोटा | ०/५० |

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा चितवन सक्रिय महिला प्रतिष्ठानद्वारा UNDP/Global Fund JC7 अन्तर्गत एच.आई.भी.को जोखिम समुदाय मध्ये प्रवासी तथा प्रवासीको दम्पत्तीका लागि एच.आई.भि. रोकथामका सूचना शिक्षा प्रदान गर्नुका साथै एच.आई.भी. परीक्षण लगायत व्यास नगरपालिकि क्षेत्रभित्र कार्यक्रम सञ्चालन गर्नका लागि माग भई आएको हुँदा उक्त कार्यक्रम १ जुलाई २०२५ देखि १६ जुलाई २०२७ सम्म सञ्चालन गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका स्लेट ढुङ्गा सम्बन्धी अनुगमन तथा मूल्याङ्कन समितिबाट सिफारिस भई आएका देहाय बमोजिमका योग्यता पुगेका स्लेट ढुङ्गा कटिङ्ग उद्योगहरु सञ्चालनका लागि अनुमती दिने सम्बन्धमा पछि स्थानीय छर छिमेकी तथा टोलबाट विरोध भई आएमा र उक्त विरोध मनासिव देखिएमा अन्यत्र स्थानान्तरण गर्ने गरी हाललाई सोही स्थानमा उद्योग सञ्चालनका लागि स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।

| क.सं. | उद्योगको नाम | सञ्चालकको नाम | उद्योगको ठेगाना |
|---|---|---|---|
| १. | सन्तसुर्य मल्टिप्रपोज कन्स्ट्रक्सन एण्ड सप्लायर्स | सूर्य नेपाली | व्यास ११, घाँसीकुवा |
| २. | आर एच कन्स्ट्रक्सन ढुङ्गा कटिङ्ग उद्योग | विष्णु प्रसाद अधिकारी | व्यास ११, शेरा |

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१३ अन्तर्गतको सि.नं. २८४ को पोषण कार्यक्रम (२६८) शीर्षक परिवर्तन गरी त्यसमा रहेको रू.१,००,०००। गाउँ विकास कृषि सहकारी संस्थालाई बादरबाट बाली संरक्षणका लागि खर्च गर्ने गरी शीर्षक परिवर्तन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा तपसिलमा उल्लेखित योजनाहरुको म्याद थप गर्ने निर्णय गरियो ।

(१) CONTRACT ID: NP-DUDBC-40273-CW-RFB, Upgradation Of Pasara Marga सडक निर्माणको लागि योजनाको परामर्शदाता संस्था श्री BOTEK-GOEC J/V काठमाण्डौंबाट प्राप्तपत्र नं. ७८/८१/८२ अनुसार पराशर मार्गको कन्स्ट्रक्सन कम्पनी M/S BKHTDCL-ACPL J/V काठमाण्डौंबाट २५५ दिन (245O verlap) सहित म्याद थप गरिपाउँ भनी EOT Document समेत पेश गरेकोमा परामर्शदाता संस्था (DSC) बाट मूल्याङ्कन गरी जम्मा १८३ दिन म्याद थप गर्न मिल्ने भनी विभिन्न कारण सहित पेश गरेको हुँदा सम्बन्धित शाखाको सिफारिस र EOT-1 को आधारमा M/S BKHTDCL-ACPL J/V काठमाण्डौंलाई १८३ दिन (पौष मसान्त 2082) सम्म म्याद थप गर्ने निर्णय गरियो ।

(२) CONTRACT ID: NP-DUDBC-40273-CW-RFB, Upgradation Of Pasara Marga सडक निर्माण आयोजनाको डिजाईन तथा सुपरभिजन कन्सल्ट्यान्ट (DSC) BOTEK-GOEC J/V काठमाण्डौंबाट म्याद थपको लागि पत्र प्राप्त भएकोमा निर्माण व्यवसायी कम्पनी M/S BKHTDCL-ACPL J/V काठमाण्डौंको लागि १८३ दिन (पौष मसान्त २०८२) सम्म म्याद थप गर्ने निर्णय भएकोले सोही अनुसार परामर्शदाता संस्था श्री BOTEK-GOEC J/V काठमाण्डौंको लागि २१३ दिन (माघ समान्त २०८२) सम्म म्याद थप गर्ने निर्णय गरियो ।

(३) कार्यान्वयनको अवस्थामा रहेका उपभोक्ता समिति मार्फत संचालित सम्पूर्ण योजनाहरु मिमिः २०८२ पौष मासान्तसम्म म्याद थप गर्नुका साथै ठेक्का मार्फत संचालित तपसिलमा उल्लेखित निर्माण कार्यहरुको म्याद थपको लागि निर्माण व्यवसायीबाट निवेदन पेश भएको र संघ सरकार र प्रदेश सरकारबाट स्वीकृत रकम समेत प्राप्त नभएको अवस्थामा योजना शाखाको सिफारिसमा पौष समान्त २०८२ सम्म म्याद थप गर्ने निर्णय गरियो ।

| सि.नं | योजनाको नाम | वडा |
|---|---|---|
| १ | विरता टोल अर्न्तगत विभिन्न मार्ग कालोपत्रे (२० फुटे रिङरोड) | ४ |
| २ | वडा नं.८ वडा कार्यालय भवन निर्माण | ८ |
| ३ | देवीडाडाँ खानेपानी योजना (संघ विशेष) | १० |
| ४ | कमेरेखोला साँध खोला खानेपानी योजना | १३ |
| ५ | कार्यालयको नयाँ भवनमा तल्ला थप योजना | ३ |
| ६ | केशवटार लिफ्ट खानेपानी योजना (गजौडी मूल) सशर्त | १४ |
| ७ | बेलघारी वडा कार्यालय सडक स्तरोन्नती | १२ |
| ८ | न.पा. तथा वडाको लागि आवश्यक ल्यापटप, कम्प्युटर तथा विद्यूतीय हाजिरी मेशिन खरिद | ३ |
| ९ | शहरी क्षेत्रमा सडक नामाकरण पोष्ट राख्ने कार्य | २, ३, ४ |

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा विपद्जन्य एवं तत्काल मर्मत सम्भार गर्नुपर्ने निम्न लिखित विषयमा बजेट विनियोजन गर्ने निर्णय गरियो ।

| सि. नं. | कार्यक्रम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | सामुदायिक प्रहरी सेवा केन्द्र, दमौली कार्यक्रम सहयोग | १ | १७,०००।- | ६९ |
| २. | आस्था गुरुङ्ग, उपचार सहयोग | ७ | ३०,०००।- | ६१ |
| ३. | जनजागृती मा.वि.का छात्र इश्वर थापा मगर, उपचार सहयोग | १३ | ३०,०००।- | ६१ |
| ४. | विष्णु पौडेल पन्थ, उपचार सहयोग | १३ | २५,०००।- | ६१ |
| ५. | अन्तमान दर्जी, घर धन्सार आगलागी राहत | १४ | १०,०००।- | विपद् |
| ६. | कोशिस अन्तर्गत महिला मानसिक पीडित उद्दार सहयोग | | ४५,०००।- | १२० |
| ७. | आलोचना साप्ताहिक विज्ञापन सहयोग | | २०,०००।- | ३७ |
| ८. | धान दिवस व्यवस्थापन खर्च | | ५१,०००।- | १३२ |
| ९. | राष्ट्रिय लोकतान्त्रिक अपाङ्ग संघ विज्ञापन सहयोग | | २०,०००।- | ३७ |
| १०. | हैरान्स क्लव खेलकुद सहयोग | | ५०,०००।- | ११४ |
| ११. | लियो क्लव, तनहुँ विज्ञापन भुक्तानी | | २५,०००।- | ३७ |

**<u>निर्णय नं.२१:</u>** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा आ.व. २०८१/०८२ सर्शत अनुदान तर्फको नयाँ तरकारी पकेट विकास कार्यक्रम संचालनका लागि मिति २०८१/०७/०७ गतेको कार्यपालिका निर्णय बमोजिम छनौट भएको तपसिल सहकारीले सम्झौता बमोजिमको कार्यसम्पन्न गरी पकेट प्राविधिक समिति मार्फत सिफारिस भए वमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो ।

| क्र.स. | सहकारीको नाम | ठेगाना | सम्पन्न क्रियाकलापहरूको विवरण | अनुदान प्रतिशत | भुक्तानी रकम एकमुष्ठ रू. |
|---|---|---|---|---|---|
| १. | गाउँ विकास कृषि सहकारी सं.लिमिटेड | व्यास-१३ | १) बीउ विजन<br>२) Drip Irrigation सेट<br>३) बाँसको प्लष्टिक टनेल<br>४) मल, बाली संरक्षण तथा अन्य सामाग्री<br>५) टनेल विविध | ५०%<br>८५%<br>५०%<br>५०%<br>५०% | ५,६०,५५७ |

**<u>निर्णय नं.२२:</u>** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुंदा तपसिलमा उल्लिखित योजनाको रकमान्तर गरी नगर सभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

आ.व. : २०८१/८२ रकमान्तर : का पा

**घटाउने**

| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०४३८४०३१०१ | नारेश्वर ताल निर्माण जग्गा खरिद समेत-७८४ | 31159 | राजस्व बाडफाड | राजस्व बाँडफाँड – स्थानीय | राजस्व बाँडफाँड | नगद | १५,००,०००.०० | |
| २ | ८०४३८४०३१०१ | बहुउद्देश्यीय भवन निर्माण÷बैरेनी जग्गा विकास पूर्वाधार निर्माण न.पा. लागत-८०३ | 31112 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १५,००,०००.०० | |
| ३ | ८०४३८४०३१०१ | क्रमागत वडा नं.८ वडा कार्यालय भवन निर्माण-८५६ | 31112 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ५,००,०००.०० | |
| | | | | | | | | ३५,००,०००.०० | |

**बढाउने**

| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०४३८४०३१०१ | ७५ प्रतिशत अनुदानमा साना सिंचाई कार्यक्रम-७७४ | 31155 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ५,००,०००.०० | |
| २ | ८०४३८४०३१०१ | नारेश्वर ताल निर्माण जग्गा खरिद समेत-७८४ | 31159 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १५,००,०००.०० | |
| ३ | ८०४३८४०३१०१ | बहुउद्देश्यीय भवन निर्माण÷बैरेनी जग्गा विकास पूर्वाधार निर्माण न.पा. लागत-८०३ | 31112 | राजस्व बाडफाड | राजस्व बाँडफाँड – स्थानीय | राजस्व बाँडफाँड | नगद | १५,००,०००.०० | |
| | | | | | | | | ३५,००,०००.०० | |

**अक्षरेपी : रुपैयाँ पैतिस लाख मात्र।**

आ.व. : २०८१/८२ रकमान्तर : का पा

**घटाउने**

| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०४३८४०३१०१ | क्रमागत कमेरेखोला साँध खोला खानेपानी योजना (संघ विशेष)-८६४ | 31156 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १४,००,०००.०० | |
| २ | ८०४३८४०३१०१ | जिल्ला कारागार पछाडिको नाला तथा बाटो निर्माण - ७३४ | 31159 | राजस्व बाडफाड | राजस्व बाँडफाँड – स्थानीय | राजस्व बाँडफाँड | नगद | ९,००,०००.०० | |
| ३ | ८०४३८४०३१०१ | क्रमागत मानहुँडाँडा लिफ्टिंग खानेपानी योजना (सशर्त)-८६७ | 31156 | राजस्व बाडफाड | राजस्व बाँडफाँड – स्थानीय | राजस्व बाँडफाँड | नगद | ३६,००,०००.०० | |
| ४ | ८०४३८४०३१०१ | क्रमागत देवीडाडाँ खानेपानी योजना -८६३ | 31156 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ३५,००,०००.०० | |
| | | | | | | | | ९४,००,०००.०० | |

**बढाउने**

| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०४३८४०३१०१ | क्रमागत कमेरेखोला साँध खोला खानेपानी योजना (संघ विशेष)-८६४ | 31156 | राजस्व बाडफाड | राजस्व बाँडफाँड – स्थानीय | राजस्व बाँडफाँड | नगद | १०,००,०००.०० | |
| २ | ८०४३८४०३१०१ | जिल्ला कारागार पछाडिको नाला तथा बाटो निर्माण - ७३४ | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ९,००,०००.०० | |
| ३ | ८०४३८४०३१०१ | विद्यालय पूर्वाधार निर्माण एवं मर्मत-७७३ | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ४,००,०००.०० | |
| ४ | ८०४३८४०३१०१ | क्रमागत मानहुँडाँडा लिफ्टिंग खानेपानी योजना (सशर्त)-८६७ | 31156 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ३६,००,०००.०० | |
| ५ | ८०४३८४०३१०१ | क्रमागत देवीडाडाँ खानेपानी योजना -८६३ | 31156 | राजस्व बाडफाड | राजस्व बाँडफाँड – स्थानीय | राजस्व बाँडफाँड | नगद | ३५,००,०००.०० | |
| | | | | | | | | ९४,००,०००.०० | |

**अक्षरेपी : रुपैयाँ चौरान्नब्बे लाख मात्र।**

आ.व. : २०८१/८२ रकमान्तर : रकमान्तर का पा

**घटाउने**

| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०४३८४०३१०१ | क्रमागत कमेरेखोला साँध खोला खानेपानी योजना (संघ विशेष)-८६४ | 31156 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २,००,०००.०० | |
| २ | ८०४३८४०३१०१ | वडा कार्यालय भवन निर्माण-७७९ | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ३०,००,०००.०० | |
| | | | | | | | | ३२,००,०००.०० | |

**बढाउने**

| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०४३८४०३१०१ | सडक बोर्ड नेपाल (नगरपालिका लागत)-८०९ | 31151 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ३२,००,०००.०० | |
| | | | | | | | | ३२,००,०००.०० | |

**अक्षरेपी : रुपैयाँ बत्तिस लाख मात्र।**

आ.व. : २०८१/८२ रकमान्तर : का पा शसोधन

**घटाउने**

| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०४३८४०३१०१ | करार सेवा शुल्क (कर्मचारी तलब)–स्वास्थ्य संस्था करार कर्मचारी तलब -११ | 22413 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १८,००,०००.०० | |
| | | | | | | | | १८,००,०००.०० | |

**बढाउने**

| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०४३८४०३१०१ | व्यास नगर समता आवासीय विद्यालय सञ्चालन-५७ | 25311 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ६,००,०००.०० | |
| २ | ८०४३८४०३१०१ | अन्य समिति बैठक भत्ता-५ | 21149 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ६,००,०००.०० | |
| ३ | ८०४३८४०३१०१ | सञ्चार माध्यम (गतिविधि प्रकाशन प्रशारण समेत) - ३७ | 22315 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ६,००,०००.०० | |
| | | | | | | | | १८,००,०००.०० | |

**अक्षरेपी : रुपैयाँ अठार लाख मात्र।**

***